का.जि.का.द.नं. ७९२/०६९/०७०
स.क.प.द.नं. ३६९९२/०६९/०७०

फोन नं. ०१-४५३२२७०
०१-४५३२२७१

# नेपाल सुनचाँदी ब्यवसायी महासंघ

## Federation of Nepal Gold and Silver Dealers' Associations

Attn: News Desk

स्थापित : २०६९, काठमाडौं ।

मिति : २०८०/०६/०५

Weekly Chart




| Date | Day | Gold Per 10g | Gold Per Tola | Silver Per 10g | Silver Per Tola |
|---|---|---|---|---|---|
| 2080/05/31 | Sunday | 96,280 | 1,12,300 | 1,200 | 1,400 |
| 2080/06/01 | Monday | 96,450 | 1,12,500 | 1,204.50 | 1,405 |
| 2080/06/02 | Tuesday | 96,880 | 1,13,000 | 1,209 | 1,410 |
| 2080/06/03 | Wednesday | 96,710 | 1,12,800 | 1,204.50 | 1,405 |
| 2080/06/04 | Thursday | 96,450 | 1,12,500 | 1,209 | 1,410 |
| 2080/06/05 | Friday | 96,110 | 1,12,100 | 1,222 | 1,425 |

**यो साता सुनको मूल्यमा सामान्य कमी, अमेरिकी डलरप्रतिको आकर्षण कायमै**

- अमेरिकी डलर मजवुत बन्दै गइरहेका कारण लगानीकर्ताहरु त्यसतर्फ आर्षित भएकोले यो साता पनि विश्व बजारमा सुनको मुल्यमा सामन्य कमी आएको छ । अमेरिकी रिजर्भ बैंक फेडले लिएको ब्याजदर २ प्रतिशतमा स्थिर राख्ने नीतिका कारण अमेरिकी अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्न गई त्यसको प्रभावले डलर मजवुत बनेकोले लगानीकर्ताहरु त्यसतर्फ आकर्षित हुँदा सुनको मुल्यमा कमी आएको हो । यो क्रम अझै केही समय कायमै रहन सक्ने अनुमान विश्लेषकहरुको छ । अमेरिकी डलर मजवुत बन्दै जाँदा त्यसको प्रभाव स्वरुप त्यहाँको शेयर बजारमा भने गिरावट देखिएको छ । अन्तर्राष्ट्रिय बजारमा सुनको मुल्यमा आएको कमीको प्रभावले नेपाली बजारमा समेत मुल्यमा सामान्य कमी आएको छ ।
- नेपाली बजारमा यो साताको पहिलो दिन आइतबार प्रति १० ग्राम ९६ हजार २ सय ८० रुपैयाँ रहेको सुनको मुल्य साताको तेस्रो दिन मंगलबार साताकै सबैभन्दा बढी अर्थात प्रति १० ग्रामको ९६ हजार ८ सय ८० रुपैयाँ सम्म पुगेको थियो । त्यस पश्चात साताको अन्तिम कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम सुनको मुल्य ९६ हजार १ सय १० रुपैयाँमा झर्‍यो । जुन साताको पहिलो दिनको तुलनामा अन्तिम दिन प्रति १० ग्राम १ सय ७० रुपैयाँले कम हो भने साताकै उच्च मुल्य कायम भएको दिन मंगलबारको तुलनामा प्रति १० ग्राम ७ सय ७० रुपैयाँले कम हो ।
- यो साता नेपाली बजारमा चाँदीको मुल्य भने सामान्य वृद्धि भएको छ । साताको पहिलो दिन १ हजार २ सय रुपैयाँमा कारोबार भएको चाँदीको मुल्य साताको अन्तिम कारोबार भएको दिन शुक्रबार प्रति १० ग्राम १ हजार २ सय २२ रुपैयाँ पुगेको छ ।

**धर्मसुन्दर बज्राचार्य**
**महासचिव**

email: info@fenegosida.org/ webside: www.fenegosida.org, Post bost no: 20712